सर्वोच्च अदालत, एकल इजलास

मानननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

आदेश

०७८-WO-०६१४

विषयः- उत्प्रेषण।

क्वयेर युथ ग्रुप------------------------------------------------------- निवेदक

विरुद्ध

गृह मन्त्रालय सिंहदरबार, काठमाडौं समेत-------------------------------- विपक्षी

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सवुद प्रमाणसहित म्याद सूचना पाएको मितिले बाटोको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ सहित उपस्थित हुनु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारी गर्नू। पेशीको जानकारी महान्यायाधिवक्ताको कार्यालयसमेतलाई दिई लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू।

साथै यस अदालतमा विचाराधीन रहेको रिट नं.०७७-WO-०९७३ को उत्प्रेषण र प्रस्तुत रिट निवेदनको पेशी एकै दिन राखी नियमानुसार गरी पेश गर्नू।

न्यायाधीश

इति संवत् २०७८ साल पुस ६ गते रोज ३ शुभम् ---------------------------------।